हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## झनझने, सिन्धुली

बागमती प्रदेश, नेपाल

सू.नं.: ५७/०७७/०७८

## सेनेटरी प्याड खरिद तथा सप्लाई सम्वन्धी कार्यका लागि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७८।०१।२३ गते**

यस गाउँपालिकावाट सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क वितरण गर्नका लागि सिलवन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दरभाउपत्र फारम वापत रु.१०००।– अक्षेरुपी एक हजार रुपैया मात्र (पछि फिर्ता नहुने ) तिरी चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र, आयकर दर्ता तथा मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र संलग्न राखि दरभाउपत्र खरिद गर्न ईच्छुक फर्म/सप्लायर्सहरुलाई निम्नानुसारका शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. शिलवन्दी दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाँप नभएको र कुनै पनि शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

२. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको दरभाउपत्र फर्म रितपूर्वक भरी यस कार्यालयमा सिलवन्दीसाथ दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्टसँग भरी सम्वन्धित दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाँप र सिलवन्दी गरी खाम वाहिर फर्म/सप्लायर्सको नाम, ठेक्का नं. र सूचना नं. प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

४. कबोल रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा शिलवन्दीदाताको आधिकारीक दस्तखत हुनुपर्नेछ ।

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

५. शिलवन्दी दरभाउपत्र साथ यस कार्यालयको नाममा जमानत वापत उल्लेख भएनुसारको रकम सिटिजन्स बैंक ईन्टरनेशनल लि. झनझने, सिन्धुली स्थित धरौटी खाता नं. ०७३०१००००००२३२०१ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सिलवन्दी खुल्ने मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त बैंकवाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

६. सूचनामा उल्लेखित शर्त विपरित भएको, रित नपुगेको र म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. सम्झौता हुँदा सेनेटरी प्याडको परिमाणमा थपघट हुन सक्नेछ । साथै दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. आपूर्ति हुने सेनेटरी प्याड Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १२ महिना बाँकी हुनुपर्नेछ ।

९. एक फर्म/सप्लायर्सको नाममा विक्रि भएको शिलवन्दी दरभाउपत्र अर्को फर्म/सप्लायर्सको नाममा दाखिला (दर्ता) गर्न पाईने छैन ।

१०. शिलवन्दी दरभाउपत्र फारम खरिद गर्न स्वयम शिलवन्दी दरभाउपत्रदाता उपस्थित हुन नसकेमा मन्जुरीनामा/अख्तियारनामावाट पनि गर्न सकिनेछ तर त्यस्तो मन्जुरीनामा/अख्तियारनामा एक फर्म/सप्लायर्सको लागि एक व्यक्तिलाई मात्र हुनेछ ।

११. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. यस सूचनामा उल्लेखित कुराहरु यसै वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को संशोधन सहित तथा अन्य नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

१३. शिलवन्दी दरभाउपत्रद्धारा खरिद गरिने सेनेटरी प्याडको गुणस्तरको मापदण्डको थप विवरण यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

१४. शिलवन्दी दरभाउपत्र सम्वन्धी अन्य आवश्यक कुराहरु वुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | सूचना नं. | विवरण | जम्मा परिमाण | मू.अ.कर समेत ल.ई. रकम रु. | जमानत वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५७/०७७/०७८ | **Procurement and Supply of Sanitary Pad** (240±20mm lenth and 60 to 75mm width, thickness 15mm ±2mm, minimum 8 pads per pack, Should absorb at least 30ml of colored distilled water, white in colour) | २१७०४ | १३,२३,९४४।- | ३३,१००।- | |

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत